डुडुवा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बनकट्टी, बाँके,
लुम्बिनी प्रदेश, नेपाल

# सिलबन्दी दरभाउपत्र आव्हानको सुचना

## प्रथम पटक प्रकाशित मिति :२०८०/०४/२२

यस कार्यालयका लागी तपशिल बमोजिमको कार्य सिलबन्दी दरभाउपत्र माध्यामबाट खरिद गर्नुपर्ने भएकोले सम्बन्धित इजाजत प्राप्त उत्पादक कम्पनी वा अधिकृत बिक्रेताबाट निम्न शर्तहरुको अधिनमा रही विद्युति खरीद प्रणाली मार्फत bolpatra.gov.np मा रितपुर्वकको सिलबन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

१. यो सुचना प्रकाशन भएको मितिले १५ दिनभित्र कम्पनी / फर्म चालु आ.व.२०८०/८१ मा नविकरण भएको इजाजत प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,आयकर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, मुल्य अभिबृद्धि कर दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,आ व २०७९/८० को कर चुक्ताको प्रमाणित प्रतिलिपि, दरभाउपत्र कबोलपत्र र औषधी व्यवस्था विभागबाट स्वीकृत प्राप्त प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न राखी विद्युतिय खरीद प्रणाली मार्फत (bolpatra.gov.np) दाखिला गर्नु पर्ने छ ।

२. दरभाउ-पत्रकासाथ दरभाउ-पत्र जमानत (बिडबन्ड) वापत तपशिल बमोजिमको रकम यस कार्यालयको नाममा एन.आई.सि. एसिया बैंक लि. नेपालगञ्जमा रहेको नं. **२०४१४९८३८५५२४००१ ग-३** धरौटी खातामा नगदै जम्मा गरेको सक्कल बैक भौचर वा सोही रकम बराबर बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तीमा ४५ दिन मान्य अवधी भएको बैंक जमानत र दरभाउ-पत्र दस्तुर वापत तपशिल बमोजिमको रकम यस कार्यालयको नाममा एन.आई.सि. एसिया बैंक लि. नेपालगञ्जमा रहेको नं. **०२०२०५००२८९३५००२** आन्तरीक राज्श्व खातामा नगदै जम्मा गरेको सक्कल बैक भौचर संलग्न हुनुपर्नेछ ।

३. जुन फर्मको नाममा दरभाउ-पत्र खरिद गरिएको हो सोही फर्मको नाममा मात्र दरभाउपत्र फाराम भरि पेश गर्नुपर्नेछ ।

४. दर्ता भएका दरभाउपत्रहरु सोहि दिनको २:०० बजे दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । दरभाउपत्रदाता वा निजहरुको प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

५. दरभाउपत्र खरिदको अन्तिम दिन तथा दाखिला गर्ने वा खोल्ने दिन सार्बजनिक विदा परेमा उक्त कार्यहरु त्यस पछिको लगत्तै कार्यालय खुलेको दिन सोहि समयमा उक्त कार्यहरु हुनेछ ।

६. सिलबन्दी दरभाउपत्रको मान्य अवधि ४५ दिनको हुनेछ ।

७. दरभाउपत्र दाखिला गर्ने तथा खोल्ने समयमा सुचनाको हक सम्बन्धी ऐन २०६४ बमोजिम नागरिक समाज तथा पत्रकार समेतको उपस्थितिको लागि अनुरोध छ ।

८. अन्य कुराहरुको हकमा प्रचलित कानुन सार्वजनिक खरीद ऐन २०६३ र नियमावली २०६४ बमोजिम हुनेछ ।

९. दरभाउपत्र सम्बन्धि अन्य कुराहरु बुझ्न परेमा कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**तपशिल**

| सि.न. | ठेक्का नं. | कामको नाम | ल.ई.रकम | धरौटी रकम | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | DRM/SQ/Goods/03/2080-81 | Pashu aausadhi kharid tatha bitaran | 2500259.00 | 70000.00 | 1000.00 | |